# ५ परमेश्वरप्रति अब्राहमको विश्वास तथा निष्ठा

*__यस अध्यायका मूल पदहरू:__* उत्पत्ति १५:६, २ सामुयल ११,१२ रोमी ३:२०-२३, ३१, रोमी ४:१-१७, गलाती ३:२१-२३, १ यूहन्ना ३:४।

*__स्मरण गर्नुपर्ने पद:__* **“के परमेश्वरमा विश्वास राख्यौं वा उहाँको निष्ठामा रह्यौं भन्दैमा उहाँको व्यवस्था वा दश आज्ञाहरूलाई निकम्मा बनाउँछौं र? अहँ, परमेश्वरबाट यो कदापी नहोस् ! बरू व्यवस्थासँग सहमत हुँदै हामी त्यसलाई कायमै राख्छौं।" (रोमी ३:३१बाट रूपान्तरित)।**

समग्रमा रूपमा भन्ने हो भने, हामी विश्वासद्वारा मात्र मुक्ति पाउँछौं भन्ने बाइबलिय सिद्धान्तका आधार रोमी ४ अध्यायले प्रस्तूत गरेकोले त्यो धारणा इसाई सुधारवादी आन्दोलनको मुटु हुन गएको थियो। ५०० वर्ष अघि मार्टिन लुथरले सुरू गरेको विश्वासद्वारामात्र धर्मी ठहरिन्छ भन्ने सिद्धान्तलाई निष्ठावान सुधारवादी इसाईहरूले त्यसको प्रतिवद्धताबाट कहिल्यै पनि पछाडि हटेको छैन।

पावलले अब्राहमलाई औंल्याउँदछन्। उहाँ शुद्ध र पवित्र आदर्श व्यक्तित्व हुनुहुन्थ्यो। व्यवस्थाद्वारा होइन तर अनुग्रहबाट मुक्तिको आवश्यकतालाई पूरा गर्छ भनेर देखाउने शिद्ध उदाहरण नै अब्राहम हुनुहुन्थ्यो। कसैबाट गलत ढँगमा नसोचियोस भनेर पावल स्पष्ट हुन चाहेको पनि पाउँछौं। कुनै मानिस एकदम परोपकारी र असल छ र उसले व्यवस्थालाई पालन गर्दछ तर त्यसले ऊ परमेश्वरको सामु उचित ठहर्रिँदैन भने उसले पाउनुपर्ने मुक्तिको आशा कसमा हुन्छ त? यहि सन्दर्भमा यदि भद्र भलाद्मी तथा व्यवस्थालाई शिरोपर गरि हिंड्ने अब्राहमलाई मात्र परमेश्वरको अनुग्रहको आवश्यकता होइन यहूदी र गैर-यहूदी तथा अन्य जातिलाई पनि चाहिन्छ।

परमेश्वरले तयार गर्नुभएको मुक्तिको योजनामा तीन प्रमुख चरणहरू छन् भनेर रोमी ४ अध्यायमा पावलले उल्लेख गरेकाछन्: (१) परमेश्वरको आशिषको प्रतिज्ञा (अनुग्रहको वाचा) (२) त्यस प्रतिज्ञालाई हामीले कसरी जवाफ दिने (विश्वासद्वारा हामीले दिने जवाफ), (३) जसले उहाँलाई विश्वास गर्दछन् त्यसलाई परमेश्वरको धार्मिकता व पवित्रताको बरदानले सुसज्जित भएर उहाँको सामु निर्दोष ठहरिनु। यहि प्रक्रियामा अब्राहम पर्नुभएको थियो, र यहि प्रक्रियामा हामी पनि पर्दछौं।

मुक्ति भनेको हाम्रो कुनै धार्मिक रितिथिति वा त्याग तपस्या वा परोपकारी काम गरेर होइन बरू अनुग्रहद्वारा प्रदान गरिने हो भन्ने पावलको निर्णायक दावीलाई हामीले बिर्सनु हुन्न। अनुग्रह त्यो तत्व हो जुन हामी अयोग्य भएतापनि हामीलाई परमेश्वरले प्रदान गर्नुभएको छ। यदि हामीले आफ्नो अथक प्रयासद्वारा पाउने भएको भए त्यसप्रति परमेश्वर ऋणी हुनुहुनेथियो। यदि हाम्रो धर्मकर्मले परमेश्वर ऋणी भएर हामीलाई अनुग्रह दिन वाध्य हुनुभएको भए त्यो बरदान नभएर परमेश्वरले आभारित भएर हामीलाई दिनुपर्ने तत्व हुन जान्छ। तर हामी पतित भएका छौं र पापी छौं, त्यसकारण मुक्ति भनेको आर्जन गर्ने बिषय नभएर परमेश्वरको उपहार हुनु नै पर्दछ।

मुक्ति भनेको विश्वासद्वारा मात्र प्राप्त हुन्छ भन्ने तर्कलाई अघि सार्न पावलले उत्पत्तिको पुस्तक पल्टाएर अब्राहमको याद हामीलाई दिलाउदछन्: “अब्राहमले परमेश्वरमाथि विश्वास गर्नुभयो। उहाँको विश्वासलाई परमेश्वरले स्वीकार गर्नुभयो। त्यसकारण उहाँको विश्वासले गर्दा उहाँ परमेश्वरको सामु निर्दोष ठहरिनुभयो" (उत्पत्ति १५:६, रोमी ४:३)बाट रूपान्तरित)। विश्वासद्वारा परमेश्वरको सामु निर्दोष ठहरिन सकिन्छ भन्ने बाइबलका प्रारम्भिक पानाहरूमा पाउने उदाहरणहरूमा यो पहिलो ज्वलन्त उदाहरण हो।

## १. परमेश्वरको व्यवस्था वा दश आज्ञाहरूको स्थायित्व (रोमी ३:३१)

**“तब के हामी यही विश्वासद्वारा व्यवस्थालाई रद्द गर्ने? कदाचित होइन। बरु हामीहरू त व्यवस्थालाई कायम पो राख्छौं।" रोमी ३:३१। यस भनाईमा पावलले के औंल्याउन खोजेका छन्? पावलले व्यक्त गरेका उक्त भावना सेभेन्थ-डे एडभेन्टिस्टको निम्ति किन महत्वपूर्ण छ?**

परमेश्वरमा विश्वास वा आस्था भयो भन्दैमा उहाँको व्यवस्था वा दश आज्ञा खारेज हुँदैन भनेर पावलले उक्त पदमा आफ्नो तर्क जोडसँग प्रस्तुत गर्दछन्। तर व्यवस्थालाई मात्र हेरेर, त्यसलाई मात्र पालन गरेर मानिसले कहिल्यै पनि मुक्ति पाउँदैनन्। ती दश आज्ञामात्र होइन पुरानो करारका सम्पूर्ण व्यवस्था वा रितिथिति पालन गर्दैमा मानिस न त धर्मी ठहरिन्छ न त मुक्ति नै पाउँछ। परमेश्वरको व्यवस्थाले हामी कस्तो छौं भनेर देखाउँछ र हामी कस्तो हुनुपर्छ भनेर जिउन परमेश्वरको अननुग्रहको आवश्यकतालाई औंल्याउँछ। त्यसकारण नयाँ र पुरानो करारका धर्मग्रन्थले यो बताउँछ, जो पापीहरूले परमेश्वरमा आस्था वा विश्वास राखेका थिए तिनीहरूलाई उहाँका ती अनुग्रह सदासर्वादा उपलव्ध गराइएको थियो।

**व्यवस्थाका अनेकौं पक्षहरूलाई पालन गरेतापनि पुरानो करारका मानिसहरूलाई परमेश्वरको अनुग्रहको आवश्यकता थियो भनेर रोमी ४:१-८ले कसरी बताउँछन्? हेर्नुहोस्: "१ अब, शरीरअनुसारका हाम्रा पुर्खा अब्राहामको सम्बन्धमा हामी के भनौं त? २ यदि अब्राहाम कामद्वारा धर्मी ठहरिएका भए उनलाई घमण्ड गर्ने केही ठाउँ रहनेथियो, तर परमेश्वरको अगाडि त होइन। ३ किनकि पवित्र-शास्त्रले के भन्छ? "अब्राहामले परमेश्वरमाथि विश्वास गरे, र त्यो उनको निम्ति धार्मिकता गनियो।" ४ अब काम गर्नेले जुन ज्याला पाउँछ त्यो दान होइन, तर त्यो उसको पाउने हक हो। ५ जसले कर्मचाहिँ गर्दैन, तर भक्तिहीनलाई धर्मी ठहराउनुहुने परमेश्वरमाथि भरोसा राख्तछ, त्यस्तो मानिसको विश्वास धार्मिकता गनिन्छ। ६ परमेश्वरले कर्मविना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।"**

**परमेश्वरप्रति** अब्राहमको विश्वासले गर्दा उहाँले उनलाई धर्मी ठहराउनुभयो भनेर पुरानो करारले बताउँदछ। यसको अर्थ, पुरानो करारले पनि विश्वासद्वारा धर्मी ठहरिन्छ भनेर सिकाएको पाउँछौं। विश्वासद्वारा परमेश्वरको व्यवस्थालाई खारेज गर्छ भनेर दावी गर्ने कुनै पनि शिक्षा गलत हो। पावलले प्रयोग गरेका शब्द "निकम्मा बनाउँछ" भन्ने शब्द ग्रीक अर्थात युनानी भाषामा katargeo (कटारजिओ)बाट आएको हो। यसको अर्थ "बेकारको हुन्छ" हो। मुक्ति विश्वासद्वारा आउँछ भन्ने पुरानो करारका प्रमुख शिक्षा हुन्। बाइबल भरि अनुग्रहको बारेमा सिकाइएको छ। उदाहरणमा, पुरानो करारमा अऱ्हाएका पवित्र मन्दिरमा गरिने सम्पूर्ण सेवा कार्यले मानिसको सट्टामा मर्ने जनावरले उनीहरूलाई चोखो बनाउँछ भनेर देखाएको थियो। यदि त्यो बली प्रथा केको लागि थियो भनेर बुझ्न सकिएन भने त्यसको औचित्य के थियो त?

बिथिशिवाको पतिलाई मारियोस् भनेर दाउद राजाले उसलाई लडाईंको मुखमा पठाएका थिए किनभने विथशिवासँग अनुचित सम्वन्ध राखेर राजाले अपराध गरेका थिए। धर्मकर्म वा व्यवस्थाको अक्षरस पालन गरेर राजा दाउद आफ्नो पापबाट मुक्त भएका थिएनन्। राजा दाउदलाई आफूले अपराध गरेको छु भन्ने महसुस दश आज्ञाका विधिले देखाइएको थियो। परमेश्वरको त्यस व्यवस्थाले उनी दोषी ठहरिएका थिए। यदि फेरि व्यवस्थालाई पालन गरेर दाउद राजा पापबाट मुक्त हुन्छन् भने परमेश्वरको सामु उनी सदासर्वदा दोषी नै रहन्थे। पश्चातापले गर्दा राजा दाउद फेरि परमेश्वरको कृपापात्र हुन पुगे भनेर

बाइबलले देखाउँदछ। यो उदाहरणले विश्वासद्वारा मानिस कसरी निर्दोष ठहरिन्छ भनेर देखाउँदछ। परमेश्वरको अनुग्रहको काम नै मानिसहरूलाई क्षमा दिनु हो। हो, पुरानो करारका धेरै मानिसहरूले परमेश्वरको व्यवस्थालाई अक्षरस र कडाईका साथ पालन गरेका थिए। तर यहूदी धर्म सधैं अनुग्रहमा आधारित थियो। तर धर्मको नाउँमा वा संस्कारलाई अक्षरस पालन गरेर अनुग्रहलाई पन्छाउँदा मानिसहरू अतिवादी भए। रितिथिति वा संस्कारलाई पालन गरेर मुक्ति पाइन्छ भन्ने धारणाले अनुग्रहबाट मुक्ति पाइन्छ भन्ने शिक्षालाई भ्रष्ट बनाउँछ। धार्मिक विधि पालन गरेर मुक्ति पाउँछ भन्ने विश्वास परमेश्वरले दिनुहुने मुक्तिको जग होइन।

**राजा दाउदले गरेका कुकृत्य र उनको पापको बारेमा केहि क्षण सोच्नुहोस्। फेरि उनी पश्चाताप गरेर परमेश्वरमा कसरी फर्किए भन्ने वृतान्त पनि पढ्नुहोस् (२ सामुयल ११: २ सामुयल १२ र भजन ५१)। यस दुःखद कथाले तपाईंलाई कस्तो ढाढस दिँदछ? पापमा फसेका चर्चको सदस्यलाई कसरी व्यवहार गर्नुपर्छ भनेर यस कथाले कसरी सिकाउँदछ?**

## २. अनुग्रह वा ऋणी?

रोमी ४ अध्यायमा पावलले केवल धर्म र परमेश्वरको बारेमा धार्मिक ज्ञानको बारेमा मात्र तर्क प्रस्तुत गर्न खोजेको पाउँदैनौं। मुक्तिको यथार्थ केन्द्रविन्दु र परमेश्वरसँग हाम्रो सम्वन्धमा उनी पसेको पाउँछौं। परमेश्वरको निगाह भनेको आर्जन गरेर पाउने हो भनेर यदि कसैले विश्वास गर्‍यो रे? यसको अर्थ परमेश्वरको सामु निर्दोष हुन र क्षमापात्र हुन भन्दा अघि नै उनी धर्मी हुनुपर्छ भनेर देखाएको पाउँछौं। यदि यो सत्य हो भने सजिलैसँग उक्त मानिसले आफ्नो भित्री हृदयमा छामछुम गर्न र आफ्नो कामहरूलाई केलाउन सक्दछ। यसको अर्थ धर्मलाई आत्म-केन्द्र वा आफू भित्रमात्र हेर्ने बनाउँदछ। आफ्नो कार्यकलापलाई सच्च्याएर अरू भन्दा आफू धर्मी ठहरिएको गलत सोचमा त्यस्तो मानिस सजिलैसँग फस्न सक्दछ। यो मानिसको निम्ति आवश्यक छैन।

तर त्यस व्यक्तिले आफू धर्मी वा निर्दोष हुन आफ्नो कामद्वारा होइन तर परमेश्वरको बरदानको प्रतिफल हो भनेर महान् समाचार उसले गहिरिएर पकड्न सक्यो वा बुझ्न सक्यो भने के हुन्छ त? यस बरदान वा उपहारलाई आर्जन गर्न कुनै काम गरेर होइन न त ऊ योग्य भएकोले पाउन सकेको हो भनेर बुझ्न सकियो भने आफूमा भन्दा परमेश्वरको अनुग्रह र प्रेममा ध्यान केन्द्रित गर्न उसलाई कस्तो सजिलो हुनेथियो होला?

अन्तमा भन्ने हो भने, परमेश्वरको प्रेम र चरित्रलाई कसले प्रतिविम्व गर्न सक्छ? के आफ्नो स्वार्थमा केन्द्रित भएर आफ्नो बारेमा मात्र विचार गर्नेले कि, परमेश्वरमा, जसले उसलाई धर्मी वा निर्दोष ठहराउनु भयो?

**विश्वासद्वारा परमेश्वरको सामु निर्दोष ठहरिनु भन्ने धारणालाई पावलले गरेको चर्चालाई रोमी ४:६-८मा हेर्नुहोस्: "६ परमेश्वरले हामीहरूका असल काम वा धार्मिक धर्मकर्म बिना नै धार्मिक गन्नुहुने मानिसलाई यी वचनद्वारा दाऊदले धन्यका भन्छन्, ७ "तिनीहरू धन्यका हुन्, जसका अपराधहरू क्षमा भएका छन्, र जसका पापहरू ढाकिएका छन्। ८ त्यो मानिस धन्यको हो, जसको पापको लेखा परमप्रभुले लिनुहुन्न।"**

"विश्वासद्वारा पापी येशूको सामु आउनैपर्दछ। येशूको बलिदानको उपहार उसले स्वीकार्नुपर्दछ। आफ्ना पापहरूलाई पाप बोक्ने येशूमा थुपार्नुपर्दछ र अनि उहाँबाट क्षमा प्राप्त गर्नुपर्छ। यहि कारणले गर्दा येशू यस संसारमा आउनुभएको थियो। उहाँमा आस्था वा विश्वास गर्ने पश्चातापी पापीको काँधमा उहाँको धार्मिकता राखिदिनुहुन्छ। अनि त्यो पापी परमेश्वरको परिवारको सदस्य हुन्छ।" एलेन जी ह्वाईट, *सेलेक्टेड मेसेजेज्*, बुक १, पृ. २१५बाट रूपान्तरित।

विश्वासद्वारा मुक्ति केवल यहूदीको लागि मात्र होइन गैर-यहूदी वा अन्य-जातीहरुको निम्ति पनि हो भनेर पावलले आफ्नो धारणालाई निरन्तरता दिन्छन् (रोमी ४:९-१२)। यदि प्राविधिकरूपमा हेर्ने हो भने सुरूमा अब्राहम यहूदी थिएनन्। अब्राहाम मुर्ति पुजकको सन्तान वा अन्य जातिबाट आएका थिए (यहोशू २४:२)। अब्राहमको पालामा यहूदी र गैर-यहूदी वा अन्य जाति भनेर भिन्नता छुट्याइएको थिएन। जब परमेश्वरले अब्रहामलाई धर्मी वा दोषरहित बनाउनुभयो (उत्पत्ति १५:६) त्यस समय अब्राहमले खतना समेत गरेका थिएनन्। परमेश्वरले उनलाई स्वीकार गरेपछि मात्र उनले खतना गरेका थिए। यसकारण, अब्राहम खतना गर्ने र नगर्नेको पूर्खा बन्न पुगेका थिए। पावलले अब्राहमको महान् उदाहरणलाई अघि सारेर मुक्ति कुनै जातमा निहित नभएर सर्वव्यापी छ भनेर जोडदार प्रस्तुत गरेको हामी पाउँछौं। येशूको मृत्यु विश्वव्यापी समाजको निम्ति हो। कुनै मानिस जुनसुकै जात, लिङ्ग, रंग वा कुनै देशको किन नहोस्, येशूको मुक्ति उसको निम्ति हो (हिब्रू २:९)।

**क्रुसको अवधारणा सारा जगतको निम्ति भनेर थाहा पाउन वा विश्वास गर्न सकियो भने परमेश्वरको सामु मानिस कत्तिको मूल्यवान छ भनेर त्यसले देखाउँदछ। क्रुसको परिप्रेक्षमा जातभात, रङ्गभेद र राष्ट्रिय तथा अन्तराष्ट्रिय भनेर मानिसलाई छुट्याउने पूर्वाग्रही मनस्थिति हुनु किन जघन्य अपराध हो? अरू**

**मानिसप्रति र आफैप्रति पनि भएको वितृष्णालाई पहिचान गरेर हामीहरूको दिमागमा त्यसलाई परमेश्वरको अनुग्रहद्वारा कसरी हटाउने?**

## ३. प्रतिज्ञा

५०० वर्ष अघि रोमको विटनवर्ग चर्चको ढोकामा अक्टोबर ३१ तारिखको दिन आफ्नो ९५ बुँदाको घोषणापत्र टाँसेका थिए। अहिले हामीले अध्ययन गरिरहेको विश्वासद्वारा मुक्ति पाइन्छ भन्ने अवधारणाको विषयबस्तु पनि आत्मिक जगतमा आकर्षित मान्नुपर्छ।

“संसारको उत्तराधिकारी हुनलाई अब्राहम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो।"(रोमी ४:१३)। पावलको उपर्युक्त भनाईमा "प्रतिज्ञा" र "व्यवस्था"को बीचमा उल्लेखनीय रूपमा भिन्नता देखाइएको छ। विश्वासद्वारा मानिस धर्मी ठहरिन्छ भन्ने प्रमाण साबित गर्न उनले पुरानो करारको अब्राहमको कथालाई प्रयोग गर्दछन्। सारा यहूदीहरूले अब्राहम उनीहरूका पूर्खा भनेर मानेकोले नै पावलले उनलाई एक उदाहरणको रूपमा प्रस्तुत गर्दछन्। परमेश्वरले व्यवस्था दिनुभन्दा पहिले नै अब्राहमलाई स्वीकार्नुभएको र निर्दोष ठहऱ्याउनुभएको थियो। त्यसपछि परमेश्वरले अब्रहामसँग वाचा बाँध्नुभयो। त्यस बाचामा उनलाई परमेश्वरले सारा संसारको उत्तराधिकारी हुने प्रतिज्ञा दिनुभएको थियो। परमेश्वरको प्रतिज्ञामा उनले विश्वास गरे। यससँग आउने जिम्मेवारीपनालाई उनले स्वीकार गरे। यसकारण, परमेश्वरले अब्राहमलाई आफ्नो भक्त बनाउनुभयो र संसारलाई उद्धार गर्न उनीबाट काम गर्नुभयो। पुरानो करारमा अनुग्रह कसरी सक्रिय भयो भन्ने प्रभावशाली अनुकरणीय उदाहरण हामी अब्राहमको जीवनबाट पाउँछौं। निसन्देःह, पावलले अब्राहमलाई औंल्याएर अनुग्रहको प्रतिष्ठालाई उच्च स्थान दिएको एकदम उपयुक्त मान्नुपर्दछ।

**मुक्ति पाउन मानिसको अथक प्रयास, त्याग, तपस्या वा धर्मात्माको पगरी लाएर होइन तर विश्वासद्वारा प्राप्त हुन्छ भनेर पुरानो करारको केन्द्रविन्दु हो भनेर पावलले जिकिर गर्छन्। विश्वासद्वारा मुक्ति पाउँछ भनेर पुरानो करारले पनि देखाउँछ भनेर विश्वासको महत्वलाई पावलले रोमी ४:१४-१७मा कसरी देखाएका छन? हेर्नुहोस्: "१३ संसारको उत्तराधिकारी हुनलाई अब्राहाम र उनको वंशलाई दिइएको प्रतिज्ञा व्यवस्थाद्वारा आएको होइन, तर विश्वासको धार्मिकताद्वारा आएको हो। १४ यदि व्यवस्था पालन गर्नेहरू मात्र उत्तराधिकारी हुन्छन् भनेता विश्वास रद्द र प्रतिज्ञा व्यर्थ हुन्छ। १५ किनभने व्यवस्थाले क्रोध ल्याउँछ, तर**

**जहाँ व्यवस्था छैन त्यहाँ अपराध पनि हुँदैन। १६ त्यसैले यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्दछ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर परेर अब्राहामका सबै वंशहरूका निम्ति पक्का होस्। यो प्रतिज्ञा व्यवस्था पालन गर्नेहरूका निम्ति मात्र नभएर अब्राहामको जस्तो विश्वासमा हुनेहरूका निम्ति पनि हो, किनकि अब्राहाम हामी सबैका पिता हुन्। १७ जसो लेखिएको छ, "मैले तिमीलाई धेरै जातिहरूका पिता बनाएको छु।" जुन परमेश्वरमाथि अब्राहामले विश्वास गरे, उहाँको दृष्टिमा उनी हामी सबैका पिता हुन्। उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ, र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई अस्तित्वमा ल्याउनुहुन्छ।" यही सन्दर्भमा गलाती ३:६-९ पनि हेर्नुहोस्: "६ अब्राहामलाई नै हेर, "उनले परमेश्वरमा विश्वास गरेथे, र यो उनको निम्ति धार्मिकता गनिएको थियो।" ७ यसकारण तिमीहरूले यो जान, कि जस-जसले विश्वास गर्छन्, तिनीहरू नै अब्राहामका सन्तान हुन्। ८ परमेश्वरले अन्यजातिहरूलाई विश्वासद्वारा धर्मी ठहराउनुहुन्छ भन्ने धर्मशास्त्रले पहिलेदेखि नै देखेर अब्राहामलाई "तिमीमा नै सबै जातिले आशिष् पाउनेछन्" भन्ने सुसमाचार अघिबाटै सुनायो। ९ यसकारण विश्वास गर्ने मानिसहरूले विश्वासी अब्राहामसँगै आशिष् पाएका छन्।"**

पावलले रोमीको पुस्तक कसलाई सम्वोधन गरेर लेखेका हुन भन्ने थाहापाउनु जरुरी छ भनेर हामीले अगाडि नै भन्यौं। पुरानो करारका धेरै राम्रो ज्ञान भएका यहूदीहरूलाई जसले येशूलाई विश्वास गर्थे तिनीहरूको निम्ति त्यो पुस्तक लेखिएको थियो। व्यवस्थालाई अक्षरस पालन गरे मुक्ति पाइन्छ भन्ने विश्वास उनीहरू मध्ये धेरैले विश्वास गरेका थिए। तर पुरानो करार अनुसार त्यो विश्वास गलत शिक्षा थियो।

यस्तो खालको गलत सोचलाई पावलले सच्चाउन खोजेका थिए। सिनै पहाडमा सम्पूर्ण व्यवस्थालाई दिनुभन्दा अघि नै परमेश्वरबाट अब्राहमले प्रतिज्ञा पाएका थिए भनेर पावलले आफ्नो तर्क प्रस्तुत गर्दछन्। परमेश्वरबाट पाइएको प्रतिज्ञा अब्राहमले कुनै व्यवस्थालाई पालन गरेर होइन भनेर पावलले देखाउन खोजेको हामी पाउँछौं। अब्राहमको पालामा सम्पूर्ण व्यवस्था अर्थात् सारा टोराह र धार्मिक रितिथितिको प्रणाली लिखित रूपमा थिएन। यसकारण के व्यवस्थालाई पालन गर्ने भन्ने कुरा सजिलो थिएन। बरू, अब्राहमले विश्वासद्वारा नै प्रतिज्ञाहरूलाई ग्रहण गरेका थिए।

परमेश्वरको दश आज्ञालाई मात्र पावलले छलफल गर्न खोजेतापनि, उनले औंल्याएका विषयबस्तु त्यहि भएको पाउँछौं। दश आज्ञाका नीतिहरू सिनै पहाडमा परमेश्वरले चट्टानको पाटीमा लेख्नुभन्दा पहिला नै थियो। व्यवस्था

अर्थात् परमेश्वरको दश आज्ञालाई अक्षरस पालन गरेर मुक्ति वा परमेश्वरका प्रतिज्ञाहरू पाइन्छ भने विश्वासको केहि अर्थ रहेन र बेकारको हुन्छ भनेर पावलले भन्दछन। उनका ती शब्दहरू प्रभावशाली छन्। तर व्यवस्थाले सबैलाई दोषी ठहराएतापनि विश्वासले मात्र मानिसले मुक्ति पाउँछ भन्ने तर्कलाई पावलले औँल्याएका थिए। जुन व्यवस्थाले सबै मानिसलाई दोषी ठहराउँछ भने त्यस व्यवस्थाद्वारा मुक्ति पाउनु अर्थहीन छ भनेर पावलले सिकाउन खोजेका थिए। किनभने चाहे यहूदी हौं वा गैर-यहूदी हौं, हामी सबैले परमेश्वरको आज्ञालाई तोडेकाछौं। त्यसकारण अब्राहमलाई उपलव्ध गराइएको प्रतिज्ञा हामी सबैलाई खाँचो छ। विश्वासद्वारा पाउने येशूको धार्मिकताको खाँचो हामी सबैलाई छ। यहि नै हाम्रो मुक्तिको उपाय हो। यही सत्य धारणाले गर्दा इसाई जगतमा रोमन क्याथोलिक चर्चलाई हाँक दिन सुधारवादी वा प्रोटेस्टेन्ट रिफोर्मेशनको अभियान चलेको थियो।

## ४. परमेश्वरको व्यवस्था र विश्वास

परमेश्वरले अब्रहामसँगको मामिलामा व्यवस्थाद्वारा होइन तर विश्वास तथा अनुग्रहद्वारा मुक्ति पाइन्छ भनेर पावलले देखाएका कुरालाई हामीले अघिल्लो बुँदामा हेऱ्यौं। यसलाई अब्राहमद्वारा परमेश्वरले कसरी क्रियाशील गर्नुभयो भन्ने ज्वलन्त उदाहरण पनि हेऱ्यौं। यदि यहूदीहरूले मुक्ति पाउन चाहन्छन् भने तिनीहरूले आफ्नो धर्मकर्म वा काममा विश्वास गर्नु भएन। बरू, अब्राहमलाई दिइएको प्रतिज्ञा तिनीहरूले पनि ग्रहण गर्नुपर्दछ। यो प्रतिज्ञा येशू मसीहको प्रथम आगमनले पूरा भएको थियो। असल काम गरेर परमेश्वरको अघि धर्मी ठहरिन सक्छौं भन्ने सोच राख्ने सबै जाती चाहे त्यो यहूदी होस् वा गैर यहूदी, तिनीहरू सबैलाई येशूको खाँचो छ।

**"आफ्नो धर्मकर्म र अथक प्रयासद्वारा मानिसले मुक्ति पाउँछ भन्ने धारणा प्रत्येक गलत तथा झुटा धर्मको आधार हो। यस खालको सोचाइले मानिसलाई पापबाट असुरक्षित राख्दछ। अर्थात् पाप गर्न कुनै पनि छेकबार हुँदैन।"-एलेन जी ह्वाईट, *द डिजायर अभ एजेज्,* पृ. ३५,३६बाट रूपान्तरित। यसको अर्थ के हो? हाम्रो काम अर्थात् धर्मकर्मले हामीलाई मुक्ति दिलाउँछ भन्ने सोचाइले हामीलाई पापको भूमिमा खुलारूपमा पार्नसक्छ। यो कसरी हुन्छ?, विचार गर्नुहोस्।**

**व्यवस्था र विश्वासको बीचमा आपसी सम्वन्ध कस्तो छ भनेर पावलले गलाती ३:२१-२५मा व्याख्या गरेका थिए। हेर्नुहोस्: "२१ तब के व्यवस्था परमेश्वरका प्रतिज्ञाहरूका विरुद्ध छ र? कदापि छैन। यदि जीवित पार्न सक्ने**

**व्यवस्था दिइएको भए, धार्मिकता साँच्चै व्यवस्थाबाट हुनेथियो। २२ तर धर्मशास्त्रले बताउँछ, कि सबै कुरा पापको कैदमा छ, ताकि जुन प्रतिज्ञा येशू ख्रीष्टमाथि विश्वासद्वारा दिइएको थियो, त्यो विश्वास गर्नेहरूलाई दिइओस्। २३ तर विश्वास आउन अघि हामी व्यवस्थाको वशमा थियौं, र विश्वास प्रकट नभएसम्म हामी थुनिएका थियौं। २४ विश्वासद्वारा हामी धर्मी ठहरिन सकौं भनेर व्यवस्थालाई हाम्रो संरक्षक भई हामीलाई ख्रीष्टसम्म डोऱ्याउने जिम्मा दिइयो। २५ तर अब विश्वास आएको हुनाले अब उप्रान्त हामी संरक्षकको अधीनमा छैनौं।"**

यदि कुनै व्यवस्थाले मानिसलाई जीवन दिन्छ भने त्यो परमेश्वरको व्यवस्था नै हुनुपर्ने थियो। तर कुनै व्यवस्था, परमेश्वरको व्यवस्था अर्थात् दश आज्ञाले मानिसलाई जीवन दिन सक्दैन भनेर पावलले हामीलाई भन्न खोजेको पाउँछौं। यो किनभने, हामी सबैले कुनै न कुनै रूपमा परमेश्वरका आज्ञालाई तोडेका छौं, र त्यसले गर्दा हामी परमेश्वरको सामु दोषी ठहरिएका छौं।

तर येशूद्वारा हामीलाई असली रूपमा विश्वासको प्रतिज्ञा प्रकट गरिएको छ। व्यवस्थाको दासत्वमा हामी छौं भनेर विश्वास गर्ने सबैलाई यसले स्वतन्त्र बनाउँछ। ती आज्ञालाई अक्षरस पालन गरेमात्र मुक्ति कमाउन सकिन्छ भन्ने धारणाबाट तिनीहरू स्वतन्त्र हुन्छन्। परमेश्वरमाथिको विश्वास वा आस्था र अनुग्रह बिना उहाँको दश आज्ञा बोझ हुन जान्छ। किनभने विश्वास, अनुग्रह र परमेश्वरमाथिको निष्ठाद्वारा उपलव्ध हुने धार्मिकता बिना कोहि व्यवस्थामा रहन्छ भने त्यो व्यवस्था उसको निम्ति अत्यन्त भारी हुन्छ र हरदम आफू पापमा परि नै रहेको छु भन्ने तर्कले उसलाई पिरोलीरहेको हुन्छ।

**तपाईंको परमेश्वरसँगको दैनिक जीवन यात्रामा विश्वासद्वारा पाउने धार्मिकता कत्तिको महत्वपूर्ण पाउनुभएको छ? फेरि यस विश्वासले गर्दा अरू सत्यहरूलाई धमिलो पार्नुहुन्न भनेर तपाईं कसरी सतर्क हुनुपर्दछ? विश्वासद्वारा परमेश्वरको नजिक हामी धर्मी ठहरिन्छौं भन्ने महत्वपूर्ण शिक्षादीक्षालाई नबिर्सन तपाईंले के गर्नुपर्दछ? आखिरमा, विश्वासद्वारा धर्मी ठहरिन्छौं भन्ने उचित ज्ञानबिना अरू शिक्षादीक्षाको अर्थ के छ त?**

## ५. व्यवस्था अर्थात् परमेश्वरको दश आज्ञा र पापको चेतना

कतिपय इसाईहरूले पनि अब हामी त नयाँ करारमा छौं, येशू हाम्रो पापको निम्ति मर्नुभयो, अब दश आज्ञाहरूलाई फ्याँकिसकेकाछन् भन्ने तर्कलाई बारम्बार सुन्ने गर्छौं। आफ्नो तर्कलाई प्रमाणित गर्न विभिन्न पदहरूलाई प्रयोग

गरेको पनि पाउँछौं। तर ती धारणालाई प्रमाणित गर्ने कारण उचित देखिँदैन न त त्यसले आत्मिक ज्ञानलाई सहयोग नै गर्छ।

**"यसैकारण व्यवस्थाको कर्मले कोहि प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ।" रोमी ३:२०। उपरोक्त भनाईले व्यवस्था र पापसँग कस्तो सम्वन्ध छ भनेर हामीलाई देखाउँछ त? यी पदहरू पनि पढ्नुहोस्ः १ यूहन्ना २:३-६, "३ यदि हामीले उहाँका आज्ञाहरू पालन गर्‍यौं भने यसैबाट हामी थाहा पाउन सक्छौं, कि हामी उहाँलाई चिन्दछौं। ४ जसले "म उहाँलाई चिन्छु" भन्छ, तर उहाँका आज्ञाहरू उल्लङ्घन गर्छ, त्यो झूटो हो, र त्यसमा सत्य छैन। ५ तर जसले उहाँको वचन पालन गर्छ, त्यसमा परमेश्वरप्रतिको प्रेम साँच्ची नै सिद्ध भएको हुन्छ। हामी उहाँमा छौं भन्ने कुरामा यसैबाट निश्चित हुन्छौं। ६ उहाँमा रहन्छु भन्ने व्यक्ति आफै पनि उहाँको चालअनुसार चल्नुपर्छ।" र १ यूहन्ना ३:४-६ "४ पाप गर्ने हरेकले व्यवस्था भङ्ग गर्दछ। पाप नै व्यवस्था भङ्ग हो। ५ पाप हरण गर्नलाई नै उहाँ प्रकट हुनुभएको हो भन्ने कुरा तिमीहरू जान्दछौ। र उहाँमा कुनै पाप छैन। ६ उहाँमा रहने कसैले पाप गरिरहँदैन। पाप गरिरहने कसैले उहाँलाई न त देखेको छ न चिनेको नै छ।"**

केहि सताब्दी अघि आयरलाण्डका प्रसिद्ध लेखक जोनाथान स्विफ्टले यो लेखेका थिएः "यदि बिलायतको कानूनमा, झुटाकोशमा र मानिसहरूले बोल्ने भाषामा ठग्नु, झुटो बोल्नु, चोर्नु र जँड्याहा हुनु भन्ने अंग्रेजी शब्दलाई निकाली दिए भने के हुन्छ? के त्यसो भयो भन्दैमा हामी भोलि बिहान उठ्ने बित्तिक्कै अब हामी आत्मसंयम, इमान्दारी, विश्वासीलो, न्यायी र सत्यलाई प्रेम गर्ने हुन्छौं त? के यो धारणा उचित छ? (अर्थात् बिलायतको कानूनमा मानिसलाई खराब देखाउने शब्दहरूलाई निकाल्यो भन्दैमा मानिस अब असल हुन्छ त?)"-जोनाथान स्विफ्ट, ए मोडेस्ट प्रोपोजल एण्ड अदर साटायरस् (न्युयोर्कः प्रमिथियस बुक्स्ः १९९५), पृ. २०५बाट रूपान्तरित।

यसरी नै, यदि परमेश्वरको दश आज्ञालाई निकम्मा तुल्याइयो भने झुट्ठो बोल्नु, हत्या गर्नु वा चोर्नु आदि किन गलत तथा पापपूर्ण हुन जान्छ? यदि परमेश्वरको दश आज्ञा बदलिएको छ भने पापको परिभाषा पनि बदलिएको हुनुपर्छ। अथबा यथार्थमा भन्ने हो भने, यदि परमेश्वरको व्यवस्था वा विधिको शासन जुन् दश आज्ञाहरूमा कोरिएकाछन्, तिनीहरूको खारेज भयो भने मानिस पापी हो भन्ने कुरा पनि खारेज हुनुपर्दछ। व्यवस्था वा दश आज्ञाहरू बर्तमान समयमा काम लाग्दैन भन्दा पापको औचित्य पनि छैन, तर कसले यससँग

समर्थन गर्छ र? हेर्नुहोस्: १ यूहन्ना १:५-१० "५ जुन सन्देश हामीले उहाँबाट सुन्यौं र तिमीहरूलाई सुनाउँछौं, त्यो यही हो, कि परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन। ६ यदि उहाँसँग हाम्रो सङ्गति छ भनी हामी भन्छौं र अन्धकारमा नै हिँड्छौं भनेता, हामी झूट बोल्छौं र सत्यमा चल्दैनौं। ७ तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ। ८ यदि हामीमा पाप छैन भनी हामी भन्छौं भनेता हामीले आफैलाई धोका दिन्छौं, र हामीमा सत्य हुँदैन। ९ यदि हामीले आफ्ना पापहरू स्वीकार गऱ्यौं भने उहाँले हाम्रा पाप क्षमा गर्नुहुन्छ, र सबै अधर्मबाट हामीलाई शुद्ध पार्नुहुन्छ, किनकि उहाँ विश्वासयोग्य र धर्मी हुनुहुन्छ। १० यदि हामीले पाप गरेका छैनौं भनी हामी भन्छौं भने हामी उहाँलाई झूटा तुल्याउँछौं, र उहाँको वचन हामीमा हुँदैन।" र याकूब १:१४,१५ "१४ तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्दछ। १५ तब खराब इच्छाले गर्भधारण गरेपछि त्यसले पाप जन्माउँछ। अनि पाप पूरै बढ़ेपछि त्यसले मृत्यु ल्याउँछ।"

नयाँ करारमा व्यवस्था र सुसमाचार दुबै देखापरेको पाउँछौं। परमेश्वरको व्यवस्था वा दश आज्ञाले पाप के हो भनेर देखाउँछन्। सुसमाचारले त्यस पापलाई कसरी समाधान गरिन्छ भनेर देखाउँछन्। यो समाधान येशूको मृत्यु र पुनरुत्थानले हुन्छ भनेर औंल्याउँछन्। यदि व्यवस्था वा दश आज्ञा नै छैन भने पाप भन्ने शब्दको अर्थ नै रहेन। तर हामी पापी छौं भनेर सबैले मानेका छौं, तर कसले हामीलाई मुक्ति दिँन्छ त? दश आज्ञालाई उचित ढँगमा प्रयोग गर्न सकेमा मात्र सुसमाचारको अर्थ सार्थक वा स्पष्ट हुन्छ।

क्रुसले गर्दा दश आज्ञाहरूको आवश्यकता छैन र त्यो खारेजी भयो भन्ने तर्क इसाईहरूबाट नै हामी प्रायजसो सुन्छौं। यो अनौठो तर्क हो। किनभने क्रुसैले यो देखाउँछ कि परमेश्वरको गरिमामय दश आज्ञाहरूलाई निलम्वन वा परिवर्तन गर्न सकिँदैन। यदि येशूको मृत्युमा उहाँको दश आज्ञाहरूलाई परिवर्तन वा खारेज गर्नुभएन भने उहाँको मृत्युपछि किन खारेज गर्नुहुन्छ र? यदि परमेश्वरको यो चाहना हो भने मानिसले प्रथम पटक पाप गरेको बेलामा उहाँको आज्ञालाई किन खारेज गर्नुभएन त? परमेश्वरको व्यवस्थालाई तोडेर कानूनी रूपमा दोषी ठहरिएर सजायँ पाउने फैसलाबाट मानिस पहिले नै किन मुक्त नभएको त? यदि परमेश्वरको दश आज्ञाको खारेजी नै भयो भने येशू कहिल्यै पनि मर्नुपर्दैनथ्यो। यदि परमेश्वरको दश आज्ञालाई परिवर्तन वा खारेज गर्नु थियो भने पहिले नै गरिन्थ्यो, येशूको मृत्युपछि होइन। परमेश्वरको गरिमामय

दश आज्ञालाई सम्मान गर्नु आवश्यकता छ भनेर येशूको मृत्युले देखाउँदछ। र परमेश्वरको दश आज्ञालाई तोडेर पाउने हाम्रो सजायँ येशूले नै भोगिसक्नुभयो। हाम्रो पापको मूल्य उहाँले चुक्ता गर्नुभयो। परमेश्वरको व्यवस्थालाई परिवर्तन गर्न नसकिनेभएकोले येशूको मृत्यु भएको थियो। यदि हाम्रो पापी अवस्थालाई मध्य नजर राखेर व्यवस्थालाई परिवर्तन गरियो रे ! तब, पापको समस्यालाई समाधान गर्न येशू मर्नुभन्दा अझ अर्को उत्तम उपाय किन छैन त?

**जहाँ विधिको शासन छैन त्यहाँ दण्डको आवश्यकता पनि हुँदैन। यदि व्यभिचारीको खिलाफमा परमेश्वरको आज्ञा छैन वा खारेजी भयो भने के हुन्थ्यो होला? के यसले मानिसमा कम दुःख र पिडा ल्याउँछ त? परमेश्वरको आज्ञा नभएको संस्कार जहाँ चोर्नु ढाँट्नु, ठग्नु, हिंसागर्नु मनासिव भएको समाजमा तपाईं रहनुपऱ्यो भने तपाईंलाई कस्तो लाग्छ? परमेश्वरको आज्ञा अझ गरिमामय र मान्नुपर्छ भन्ने धारणालाई तपाईंको के तर्क छ? परमेश्वरको आज्ञालाई पन्छाउँदा तपाईंको आफ्नै अनुभव कस्तो रह्यो?**

## उपसंहारः

**थप जानकारीको निम्ति पढ्नुहोस्ः** एलेन जी ह्वाइटद्वारा लिखित, *सेलेक्टेड मेसेजज्,* बुक १को पृष्ठ ३८८मा उल्लेखित "क्राइष्ट द सेन्टर अभ द मेसेज", *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. १२५-१२७ को "द कल अभ अब्राहम" र पृ. ३६३,३६४को "द ल आण्ड द कभनेन्टस्", *द डिजायर अभ एजेज,* पृ. ३०७, ३०८को "द सेरमन अन द माउन्ट" पृ. ६०८को "कन्ट्रोभर्सी" र पृ. ७६२, ७६३को "इत इज फिनिश्ड"।

"यदि कसैले इनाम पाउन काम गर्छ भने त्यो अनुग्रह भनिँदैन बरू ऋण भनिन्छ (रोमी ४:४)। प्रेरित पावलले उत्पत्ति १५:४-६लाई उद्धृत गर्दै निर्दोष साबित हुन विश्वास चाहिन्छ काम होइन आफ्नो तर्कलाई निष्कर्ष निकाल्छन्। "यो उनलाई धर्मीमा गनियो" भनेर अब्राहमको बारेमा लेखिएको वचनलाई पहिला व्याख्या गर्दै उनले तर्क निकाल्छन्। परमेश्वरले पापीहरूलाई अनुग्रहबाट ग्रहण गर्नुहुन्छ कामबाट होइन भनेर ती झुटाहरूले बुझाउँदछन्।" मार्टिन लुथर, *कमेन्टरी अन रोमनस्,* पृ. ८२बाट रूपान्तरित।

"यदि आफ्नो पुण्य र धर्मकर्मको कामले मुक्ति पाउँछ भन्ने मूल्यलाई मानिसको थाप्लोमा राखिदियो भने मानिसलाई परीक्षा तथा प्रलोभनमा पार्न शैतान सफल हुनसक्छ। तब त्यो मानिस उसको सिकार हुनसक्छ र उसलाई फसाउन सजिलो पर्छ। ...तर हृदयका ढोकाका चौकोसहरूमा कलबरीमा

मारिएको थुमाको रगतले छर्किनु, तब तपाईं सुरक्षित हुनुहुनेछ।"-एलेन जी ह्वाइट, *आडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड,* सेप्टेम्बर ३, १८८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

१. व्यवस्थालाई पालन गरेर होइन तर विश्वासद्वारा मुक्ति पाइन्छ भन्ने धारणा बुझ्नु किन महत्वपूर्ण छ? यो अवधारणालाई आत्मसात् गर्न सक्यौं भने कसरी कतिपय गलत शिक्षाबाट हामी सुरक्षित हुन कस्छौं? बाइबलको यस महत्वपूर्ण दीक्षालाई बिर्सने मानिसले कस्तो खतराको सामना गर्नुपर्दछ?

२. परमेश्वरको दश आज्ञाले हामीलाई मुक्ति दिँदैन भनेर थाहा पाउँदा पाउँदै पनि यसको नित्यता किन महत्वपूर्ण छ। त्यसका कारणहरू तपाईंले सोच्नुहोस्।

३ *हामीले कसरी मुक्ति पाउने वा हाम्रो उद्धार कसरी हुन्छ* भन्ने आधारभूत विषयबस्तुमा सुधारवादी इसाईहरूको आन्दोलन भएको थियो। कुनै प्रोटेस्टेन्ट वा सुधारबादी इसाईहरू र रोमन क्याथोलिक चर्चको बीचमा भएको भिन्नता कुनै व्यक्ति विशेषलाई लक्ष्य नगरि कसरी हामी खुलारूपमा र अग्रसर भएर चर्चा गर्न सक्छौं?

४. परमेश्वरको खिलाफमा पाप गरेतापनि उहाँले हामीलाई उपहारस्वरूप अनुग्रह दिनुभएको छ। यस मनस्थितिलाई हामीले आत्मसात् गर्न सक्षम भयौं भने अरूप्रति हाम्रो व्यवहार कस्तो हुन्छ होला? यदि हामीमा यथेष्ट अनुग्रह, सदाशयता र दया भयो भने हामीलाई पनि गलत व्यवहार गर्नेलाई हामीहरूको अनुग्रह र कृपाको योग्य नभएतापनि तिनीहरूलाई हामीले कस्तो आँखाले हेर्छौं होला?

कथा ५

## अस्पतालमा भएका तीन अचम्म कामहरू

## नातल्या ग्रिगिऱ्युवा, ५७ (रूस्टोभ-अन-डन, रसिया)

अरूको लहै लहैमा लागेर मैले १९वर्ष हुँदा बप्तिस्मा लिएको थिएँ। बप्तिस्मा लिएको छमहिनापछ्छप मैले सेभेन्थ-डे एढभेन्टिस्ट चर्च छोंडे। ३३वर्षसम्म म चर्च गइँन। तर पछि मेरो परिवारको जीवनमा घटेको तीन वटा अचम्म कामहरूले गर्दा मेरो मन परिवर्तन भयो। त्यसले मलाई येशूतिर फर्कायो। ती आश्चर्यपूर्ण घट्नाहरू अस्पतालमै घटेका थिए।

### पहिलो अचम्मको घट्नाः

मेरा चार जना दिदीबहिनीहरूमा जब एक जना बहिनी ओल्गा बिरामी भइन् तब त्यसबेला पहिलो अचम्मको घट्ना भएको थियो। उनी परमेश्वरमा अति विश्वास गर्ने एडभेन्टिस्ट थिइन् जो अर्कै सहरमा बस्थिन्। उनले तीनपल्ट जटिल शल्यक्रिया गर्नुपरेको थियो। जब डाक्टरले उनलाई चौंथौं शल्यक्रिया गर्नुपर्छ भनेर भने तब उनले मलाई प्रार्थना गर्न बोलाइन्।

"मलाई डर लागिरहेछ" उनले भनिन्। एक्सरे गर्दा उनको शरीरमा केही यस्तो तत्व बढिरहेको देखाएको थियो जसले गर्दा उनमा क्यान्सर भएको जस्तो लागिरहेको थियो।

मेरी बहिनीको अनुरोधमा मैले घुँडा टेंके र प्रार्थना गर्न थालें। यदि मेरी बहिनीलाई सहयोग गर्नुभयो भने मै रक्सी, चुरोठ र सुँगुरको मासु खान छोड्छु भनेर मैले परमेश्वरलाई प्रतिज्ञा गरें। शल्यक्रिया गर्नुभन्दा प्रार्थन गरेको दुई हप्तासम्म मद्यपान, धुम्रपान र अशुद्ध मासुहरू खान छोडें।

उनलाई शल्यक्रिया गर्नुपर्ने दिनमा मलाई ओल्गाले एसएमएस गरेर भनिन्, "तिनीहरूले मलाई केही पनि गरेनन्। म घर जाँदैछु।"

ओल्गालाई ठूलो क्यान्सर रोग लाग्यो होला भनेर मलाई पिर पऱ्यो। मैले उनलाई मोबाइलबाट सोधें, "के भयो? डाक्टरले तिमीलाई किन अपरेशन गरेन?" ओल्गाले भनिन्, "मलाई अपरेशन कोठामा लग्नुभन्दा अघि तिनीहरूले अर्को एक्स-रे गरे। त्यसबेला तिनीहरूले मेरो शरीरमा केही पनि नभएको भेट्टाए। मलाई ठीकै छ।"

मैले मेरो रोगी मन कस्तो सञ्चो भएको महसुस गरें। हप्ताभरि मैले परमेश्वरलाई दिनदिनै धन्यवाद दिएँ। तर शनिवार बिहान सधैंझैं म काममा

गएँ। तर तुरन्तै मेरो दिमागमा तनाव भएको महसुस गरेँ। साबथमा काम गरेर पहिले परमेश्वरको आज्ञालाई तोडेको जस्तो लाग्यो र मेरो मनमा नरमाइलो लाग्यो। परमेश्वरले मेरी बहिनीलाई बचाउनुभएपनि मैले उहाँप्रति श्रद्धा देखाएको थिइन।

त्यही दिन मैले विगतमा झैं जे गरिरहेको थिएँ सो चटक्कै छोडर म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा पुगें। साबथ-स्कुल भइरहेको बेलामा म चर्चमा पुगेको थिएँ। मेरो मनमा तुरन्तै शान्ति भएको महसुस गरेँ। म आफ्नै घरमा आएको महसुस गरेँ। त्यस दिन मैले मेरो हृदय येशूलाई सुम्पेँ।

## दोस्रो आश्चर्य घट्नाः

त्यो घट्ना भएको चार वर्ष भएको थियो। सन् २०१५मा मेरी बुढिआमाको मगजमा ठूलो आघात भयो। मेरी बहिनीहरू र म अस्पतालमा हतार-हतार गर्दै पुग्यौं। त्यसबेला आमाले केवल टोलाएर मात्र हेरिरहेको देख्यौं। ती निष्ठावान सेभेन्थ-डे एडभेन्टिस्ट नारी जसले हामी पाँच जनालाई हुर्काएकी थिइन् केही गर्न नसकि केवल टोलाएरमात्र हेरिरहेकी थिइन्।

दुई हप्तासम्म हामीले आमाको निम्ति प्रार्थना गर्‍यौं। उनमा केही सुधार त भएको थियो तर उनमा असक्तता वा पक्षाघात भइ रह्यो। आखरमा, उनलाई हामीले घरमा ल्यायौं।

एक दिन घरमा ल्याएको एक हप्तापछि मेरी आमा अचानक उठिन् र हिँड्न थालिन्। जब के भइरहेको थियो सो देखेर उनको नौ वर्षकी नातिनी अत्यन्त खुशी भएर चिच्याइन्। हामी सबै उनको कोठामा गयौं। "परमेश्वरलाई धन्यवाद दिऔं!" भनेर उनले भनिन् र हामी सबैले त्यसै गर्‍यौं।

अनि सन् २०१६मा मेरो ७९वर्षको वृद्ध बुबालाई अर्कै सहरमा मोटरले हिर्काएर लडायो। उहाँ आफ्नो साइकल चढेर गइरहनुभएको थियो। एउटा बसले हिर्काएर लडाइदियो। अत्यन्त गम्भीर अवस्थामा उहाँलाई अस्पतालमा पुर्‍याइएको थियो।

मेरो बुबा परमेश्वरलाई कहिल्यै पनि विश्वास गर्दिन भनेर किरिया खाने नास्तिक व्यक्ति हुनुहुन्थ्यो। म १३ वर्षकी हुँदा उहाँले मेरी आमासँग पारपाचुके गर्नुभएको थियो र अर्कैसँग बिबाह गर्नुभएको थियो। म चर्च जान थालें भनेर जब मैले उहाँलाई भनें तब उहाँ रिसाउनुभयो। मैले पठाएको

प्रवचनका डिभिडि र इसाई फिल्महरूलाई उहाँले फ्याक्नुभएको थियो। दुर्घट्ना हुनु दुई हप्ता अघि मैले पठाएको बाइबल उहाँले च्यात्नुभएको थियो।

**आश्चर्य काम तिनः**

उहाँ अस्पतालमा अचेत भएर लडिरहनुभएको थियो। हामी धेरै टाढा थियौं र हामीले केही सहयोग गर्न सकेका थिएनौं।जब मेरी बहिनी र मेरी आमा अस्पतालमा थिए तब परमेश्वरले उनीहरूलाई निको पारुन् भनेर हामीले प्रार्थना गरेका थियौं। तर मेरो बुबाको मामिलामा मेरी आमा र हामी सबैजनाले मेरो बुबा परमेश्वरतिर फर्कनुभएको होस् भनेर प्रार्थना गऱ्यौं।

तेस्रो दिनमा मेरो बुबा सञ्चो भएर ब्यूँझनुभयो र उहाँलाई स्याहार गरिरहेको नातेदारलाई आफूलाई के भएको हो भनेर सोध्नुभयो। उहाँलाई किन अस्पतालमा राखियो भनेर उहाँले सोध्नुभयो। तीन घन्टा पछि उहाँ बित्नुभयो। ती अन्तिम क्षणहरूमा मेरो बुबाको दिमागमा के भइरहेको थियो सो परमेश्वरलाई मात्र थाहा छ। तर मेरो बुबालाई  पश्चाताप गर्न परमेश्वरले अवसर दिनुभएकोमा उहाँप्रति अत्यन्त आभारी छु।

तेस्रो प्रार्थनाको जवाफले गर्दा मेरो हृदय परमेश्वरतिर अत्यन्तै नजिक तानिएको छ। परमेश्वरले हामीहरूको प्रार्थना सुन्नुहुन्छ र त्यसको जवाफ दिनुहुन्छ भन्ने कुरामा मैले राम्रोसँग बुझ्न सकें।

मानिसहरूले उहाँसँग प्रार्थना गर्नु जरुरी छ। तपाईंको परिवार, तपाईंका छोराछोरी, तपाईंका आमाबुबा र तपाईंको छिमेकीको निम्ति प्रार्थना गर्नुहोस्। उहाँको निष्ठावान छोराछोरीहरूको प्रार्थना उहाँले सुन्नुहुन्छ।

यी त्रैमासिकमा संकलन गरिएको भेटीले मेरो शहर रोस्टोभ-अन डोनमा सामुदायिक भवन बनाउन सहयोग हुनेछ। यसको लागि र संसारका विभिन्न भागहरूमा परमेश्वरको मायाको सन्देश सुनाउन साबथ स्कुलको भेटीबाट सहयोग गरौं।

रोस्टोभ-अन-डोनको तत्यः यो सहर रूसको डन रिभरको किनारामा रहेको बन्दरगाह सहर हो। उन्नाइसऔं शताब्दीमा रूसको दक्षिणभागको मुख्य व्यापारिक केन्द्र थियो जहाँबाट गहुँ, काठ र फलाम निर्यात गरिन्थ्यो। जुन ठाउँमा यो सहर थियो त्यस ठाउँले गर्दा यसलाई ककेससको मूलद्वार भनिन्छ। रूसलाई चाहिने तीनभागको एक भाग यसले सूर्यमुखी फूलको तेल उत्पादन गर्छ।